नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौं

# जिन्सी मालसामान लिलाम विक्रि सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

सूचना प्रकाशन मितिः- २०८०।०३।०५

यस प्रयोगशालाका पुराना तपशिल बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट लिलाम विक्रि गर्नुपर्ने भएकोले लिन चाहने ईच्छुक मु. अ. कर वा पानामा दर्ताभएका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाले सिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।विस्तृत सूचना यस विभागको वेवसाईट www.nphl.gov.np मा राखिएको छ ।

तपशिलः-

| लिलाम हुने सामानहरु | न्युनतम मुल्य (मु अ कर बाहेक) | शिलबन्दी दरभाउ पत्र फाराम दस्तुर र पाइने स्थान | धरौटी वा बैक जमानत रकम | शिलबन्दी दरभाउ पत्र पेश गर्ने र खोल्ने स्थान मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| पुराना फर्निचर, कम्प्युटर/प्रिन्टर लगायतका मेसिनरी सामान तथा अन्य कार्यालय सामान | ३००४३०। | रु १०००/- भुक्तानी गरी प्रयोगशालाको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने । | बोल कबोल गरेको रकमको १०% ले हुने रकम | यो सूचना प्रकाशित मितिले१५ दिन भित्र खरिद गरि १६औ दिन (मिति २०८०।०३।१९ को १२:०० बजे सम्म पेश गर्ने र सोहि दिनको २:०० बजे विभागको जिन्सी शाखामा खोलिने छ । | |

<u>शर्तहरु:</u>

१. नेपाल बैंक लि मा रहेको राजस्व खाता नम्बर ००१०१०००००००००१००१००१ मा राजस्व शिर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा यस विभगको कार्यालय कोड ३३७०१३४०१ उल्लेख गरी रु १०००/- (अक्षेरुपी एक हजार मात्र फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरी यस विभागको आन्तरिक प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. ईच्छुक ईजाजत प्राप्त फर्मको हकमा फर्म दर्ताको प्रमाणित प्रतिलिपी आ. ब. २०७८/७९ को कर चुक्ता प्रमाण पत्र र व्यक्तिको हकमा प्यान न. र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी शिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नुपर्ने छ ।

३. बोल कबोल गरेको रकमको १०% ले हुने रकम नेपाल बैंक लि. मा को. ले. नि. का. ललितपुरको नाममा रहेको धरौटी खाता न ०१८०२००००००००३५०००००५१ मा यस विभागको कार्यालय कोड ३३७०१३४०१ मा जम्मा गरेको भौचर वा बाणिज्य बैंकबाट जारी बैंक जमानत पेश गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउ पत्र दाखिला गर्दा खाममा लिलाम बढाबढके शिलबन्दी दरभाउ पत्रदाताको नाम ठेगाना सम्पर्क नम्बर समेत खुलाइ लाहाछाप लगाइ सिलबन्दी गरि पेश गर्नुपर्ने छ ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइने छ ।साथै केरमेट गरेको स्थानमा सहि गरी छाप लगाएको हुनु पर्ने छ अन्यथा मान्यता दिइने छैन ।

६. लिलाम सम्बन्धी शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछी १५ दिन भित्र कबोल रकम दाखिला गरी सामान उठाइ लैजानु पर्ने छ ।अन्यथा शिलबन्दी दरभाउ पत्र रद्द गरी जमानत/धरौटी रकम जफत गरिने छ ।

७. शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार विभागमा रहने छ।